नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**नापी विभाग**
(....योजना तथा जग्गा प्रशासन.....शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्याः- ३१ ।०७८।०७९
प्राप्त पत्र संख्याः- ..............
च.नं.:- २५८

मितिः २०७८।१०।१७

**विषयः परिपत्र।**

श्री नापी कार्यालयहरु सवै ।

निजी नम्वरी जग्गामा भएका रुख कटानका लागि रेखाङ्कनका सम्बन्धमा सम्वन्धित वन कार्यालयहरुवाट रुखको जात र संख्या समेत यकिन हुने गरी नापी कार्यालयका प्राविधिक कर्मचारी खटाई पठाई दिनको लागि प्राप्त पत्र र सोही पत्र वमोजिम खटीइ गएका नापी कार्यालयका प्राविधिकबाट पेश गरिएका प्रतिवेदनका प्रतिलिपीहरु सहित निजी नम्बरीका रुख कटान गर्दा नापी कार्यालयका कर्मचारी सहितको उपस्थिति उल्लेख गरी मुचुल्का तयार गर्ने सम्बन्धमा नापी विभागवाट मिति २०७४।११।०६ मा जारी भएको परिपत्रका विषयमा थप प्रष्ट हुन निर्देशन माग भएको छ।

सो सम्बन्धमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संख्या (३-वन)/२०६८-६९, च.न. १०९३ मिति २०६८।०९।२४ को निर्णय कार्यान्वयन गर्ने सम्बन्धी पत्रको वुँदा नम्वर ६ *अनुसार अनधिकृत रुपमा सरकारी एवम् सामुदायिक वन फडानी गरी कृतिम कागज तयार गरी त्यस्ता काठ दाउरालाई निजी आवादीको देखाई व्यापक अनियमितता हुने गरेको देखिएकोले नीजी आवादीको काठ, दाउराको कटान ओसार, पसार एवम् बिक्रि वितरण गरिंदा उक्त क्षेत्रको गा.वि.स. सचिव तथा सम्बन्धित जिल्लाको नापी कार्यालय, भूमिसुधार कार्यालय, वन कार्यालयका प्रतिनिधिहरु समेत संलग्न भएको संयन्त्र खडा गरी स्थलगत अध्ययन एवम् छानबिन गरी स्थानीय स्तरमा सार्वजनिक सुनुवाई समेत गरी ठिक देखिएमा मात्र त्यस्तो काठ दाउरा ओसार-पसार एवम् विक्रि वितरण गर्न दिने व्यवस्था मिलाउने* भन्ने व्यहोरा उल्लेख भै पत्राचार भएको देखिन्छ।

व्यक्तिगत प्रयोजनको निमित्त गराइने नापजाँचका क्रममा भएका खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न पर्ने व्यवस्था जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ९ र जग्गा (नापजाँच) नियमावली, २०५८ को नियम ३३ मा समेत व्यवस्था छ। साथै जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अद्यावधिक निर्देशिका, २०७३ को दफा ६३(२), ६३(३), ६३(४) मा व्यक्तिको जग्गाको फिल्ड रेखाङ्कनका लागि लाग्ने राजश्व सहितका व्यवस्थाहरु उल्लेख भएका छन ।नापी कार्यालयहरुका प्राविधिक कर्मचारीहरुसँग व्यक्तिगत जग्गामा रहेका रुख कटान गर्ने प्रक्रियामा उल्लेख भए वमोजिम रुखको जात एवम् संख्याको यकिन गरी विवरण उल्लेख गर्ने/गराउने ज्ञानसीप तथा अधिकार क्षेत्र समेत नरहने र नियमानुसार सम्बन्धित जग्गाको फिल्ड रेखाङ्कन गर्ने सम्मको अधिकार क्षेत्र सम्बन्धित नापी कार्यालयहरुले ग्रहण गर्न सक्ने कानूनी व्यवस्था रहेको देखिनाले देहाय वमोजिम गर्ने/गराउने गरी नापी विभागको मिति २०७८।१०।१६ को निर्णय वमोजिम यो परिपत्र गरिएको छ।

१) व्यक्तिको निजी जग्गामा रहेको रुख कटान गर्ने/गराउने प्रक्रियामा नापी कार्यालयहरुले आफ्ना प्राविधिक कर्मचारीहरुलाई फिल्ड रेखाङ्कनका लागि नियमानुसार लाग्ने राजश्व दाखिला भए पश्चात खटाउने र फिल्ड रेखाङ्कन गर्ने कार्यमा मात्र आफ्नो कार्यक्षेत्र सिमित रहने गरी मुचुल्का तयार गर्ने/गर्न लगाउने र सो प्रतिवेदन नापी कार्यालय मार्फत वन कार्यालयमा पेश गर्ने व्यवस्था गर्ने।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
नापी विभाग
(..............................शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्याः-
प्राप्त पत्र संख्याः- ...............
च.नं.:-

२) एकै व्यक्तिको एउटै कित्ता जग्गामा रुख कटानका सम्बन्धमा एक पटक मात्र फिल्ड रेखाङ्कन हुन उचित हुने हुँदा रुख कटानका सम्बन्धमा आफ्नो कार्यालयबाट भए गरेका फिल्ड रेखाङ्कनको अद्यावधिक अभिलेख राखी एकै व्यक्तिको एउटै कित्ता जग्गाको रुख काट्ने प्रकृयाका लागि फिल्ड रेखाङ्कन सहितको प्रकृया एक भन्दा धेरै पटक नदोहोरिने / नदोहोऱ्याउने गरी आवश्यक व्यवस्था गर्ने।

(दामोदर ढकाल)
निर्देशक

वोधार्थः
१. श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
२. श्री वन तथा वातावरण मन्त्रालय :- तहाँ मातहतका निकायहरुलाई व्यक्तिको निजी जग्गामा रहेको रुख कटान प्रक्रियामा नापी कार्यालयहरुका प्राविधिक कर्मचारीहरुलाई सम्बन्धित जग्गाको फिल्डरेखाङ्कन गरेको विषयमा विवरण सिमित रहने गरी मुचुल्का/विवरण तयार गरी गराइ लागु गराउन उचित व्यवस्थापनको लागि अनुरोध छ ।
३. श्री वन तथा भू-संरक्षण विभाग :- तहाँ मातहतका निकायहरुलाई व्यक्तिको निजी जग्गामा रहेको रुख कटान प्रक्रियायामा नापी कार्यालयहरुका प्राविधिक कर्मचारीहरुलाई सम्बन्धित जग्गाको फिल्डरेखाङ्कन गरेको विषयमा विवरण सिमित रहने गरी मुचुल्का/विवरण तयार गरी गराइ लागु गराउन उचित व्यवस्थापनको लागि अनुरोध छ ।
४. श्री उद्योग, पर्यटन तथा वन मन्त्रालय, प्रदेश १ विराटनगर।
५. श्री उद्योग, पर्यटन तथा वन मन्त्रालय, मधेश प्रदेश जनकपुरधाम।
६. श्री वन, तथा वातावरण मन्त्रालय, वागमती प्रदेश, हेटौडा।
७. श्री वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश पोखरा।
८. श्री वन,वातावरण तथा भू-संरक्षण मन्त्रालय, लुम्बिनी प्रदेश, वुटवल ।
९. श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
१०. श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी।